# तेह्रथुम जिल्ला अदालत

म्याङलुङ, तेह्रथुम
(प्रशासन शाखा)

फोन नं. ०२६-४६०१९५

**Email:** info.dctehrathum@supremecourt.gov.np
**Website:** www.supremecourt.gov.np


प.सं.: ०७७/७८
च.नं.

१ नं. प्रदेश,नेपाल
मितिः-२०७८।०१।२३

## सूचना ! सूचना !! सूचना !!!

उपर्युक्त विषयमा नोवल कोरोना भाईरस (कोभिड-१९) को नयाँ भेरियन्ट नेपालभरी फैलिरहेको र यस जिल्लामा समेत त्यसको संक्रमण तिव्रगतिमा फैलि रहेको सन्दर्भमा त्यसको रोकथाम र नियन्त्रणको लागि यस अदालतबाट प्रदान गरिदै आएको सेवा संकुचन गर्नको लागि सिफारिस गर्ने भन्ने बेन्च, वार र जिल्ला सरकारी वकिल कार्यालयको मिति २०७८।०१।२२ गतेको बैठकले निर्णय गरेको र स्थानिय परिस्थिति एवं जोखिमको अवस्थाको मुल्यांकनका आधारमा उपयुक्त देखिएको काम कारवाही र सेवा प्रवाहको ब्यवस्थापन सम्बन्धित अदालतले मिलाउने भन्ने सम्मानित सर्वोच्च अदालतको मिति २०७८ वैशाख १४ को पूर्ण बैठकबाट निर्णय भएको भनी सम्मानित सर्वोच्च अदालतको मिति २०७८।०१।१४ गतेको प्रेस विज्ञप्तीबाट देखिएको हुँदा यस अदालतबाट प्रदान गरिदै आएको सेवा मध्ये मिति २०७७ साल बैशाख २७ गतेदेखि २०७८ साल वैशाख ३१ गतेसम्म तपसिल बमोजिमको सेवामात्र प्रवाह गर्ने निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

साथै यस सूचना सम्बन्धमा कुनै दुविधा भए यस अदालतको फोन नं. ०२६-४६०१९५ मा सम्पर्क गरी जानकारी लिन सकिने छ।

तपसिल

१. बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता र सुनुवाई।
२. पक्राउ पूर्जीको अनुमति, जरुरी पक्राउ पूर्जीको समर्थन, म्याद थप र कल डिटेल सम्बन्धी अनुमति दिने कार्य ।
३. अभियोग पत्रको दर्ता, अभियुक्तको बयान लिने र थुनछेक सम्बन्धी कार्य।
४. सेवा स्थगन गरिएको अवधिको हदम्याद, म्याद र तारिख नगुज्रिने ।
५. सर्वोच्च अदालतबाट निर्देश भए बमोजिम अन्य कार्य।

०७८।०१।२३

पारसमणि पोखरेल
स्रेस्तेदार (उप-सचिव)